# इस्मा गाउँपालिकाको

# विनियोजन ऐन २०८३

## इस्मा गाउँपालिका

## इस्मा रजस्थल, गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

# विनियोजन ऐन, २०८३

इस्मा गाउँपालिकाको आ.व. २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको **विनियोजन ऐन, २०८३**

**प्रस्तावनाः** इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम इस्मा गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **इस्मा गाउँपालिकाको विनियोजन ऐन, २०८३** रहेको छ ।

(२) यो ऐन संवत् २०८३ साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. कार्यपालिका भन्नाले इस्मा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख. **गाउँपालिका** भन्नाले इस्मा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग. **ऐन** भन्नाले इस्मा गाउँपालिकाको विनियोजन ऐन, २०८३ लाई सम्झनु पर्दछ ।

घ. **सभा** भन्नाले इस्मा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ. **संविधान** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **५०, ५२,६०,०००। (अक्षरूपी ५० करोड ५२ लाख ६० हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त इस्मा गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शिर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न तथा वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (१) बमोजिम

सञ्चित कोषबाट प्राप्त हुने रकम

| क्र.सं. | अनुदान श्रोत | शिर्षकको नाम | जम्मा |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १ | नेपाल सरकार | वित्तीय समानीकरण | ८,६०,००,०००।– (८ करोड ६० लाख) |
| २ | | सर्शत अनुदान | २१,४३,००,०००।– (२१ करोड ४३ लाख) |
| ३ | | राजश्व बाँडफाँड | ८,२८,९७,०००।– (८ करोड २८ लाख ९७ हजार) |
| ४ | | विशेष अनुदान | १,००,००,०००।– (एक करोड) |
| ५ | | समपुरक अनुदान | २,२८,००,०००।– (२ करोड २८ लाख) |
| ६ | प्रदेश सरकार | वित्तीय समानीकरण | ५८,६४,०००।– (५८ लाख ६४ हजार) |
| ७ | | सर्शत अनुदान | ९५,००,०००।– (९५ लाख) |
| ८ | | राजश्व बाँडफाँड | ९८,५९,०००।– (९८ लाख ५९ हजार) |
| ९ | | विशेष अनुदान | २२,००,०००।– (२२ लाख) |
| १० | | समपुरक अनुदान | ७५,००,०००।– (७५ लाख) |
| ११ | | आन्तरिक आय | ४,२०,८०,०००।– (४ करोड २० लाख ८० हजार ) |
| १२ | | गत वर्षको मौज्दात | ५,००,००,०००।– (५ करोड ०० लाख) |
| जम्मा | | | रु५ ५४,३०,००,०००।- (अक्षरूपी ५४ करोड ३० लाख ) |